# पञ्जीकरण शाखाको अर्ध बार्षिक प्रगति प्रतिवेदन आ.व २०८१/०८२

अर्ध बार्षिक प्रतिवेदन (साउन-पुष)



स्थानीय सरकार

वैतेश्वर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पाँडुडाँडा दोलखा

# सूचि

१. परिचय ....................................................................................................१
२. व्यक्तिगत घटना दर्ता विवरण ....................................................................................................१
३. सामाजिक सुरक्षा भत्ता संख्यात्मक विवरण.................................................................................. २
४. सामाजिक सुरक्षा भत्ता पहिलो किस्ता अनुमानित बजेट प्रतिवेदन..........................................................३
५. सामाजिक सुरक्षा भत्ता दोस्रो किस्ता अनुमानित बजेट प्रतिवेदन..........................................................३
६. सामाजिक सुरक्षा भत्ता वितरणको विवरण.................................................................................. ४
७. शाखाका प्रमुख कार्यहरु.................................................................................................... ४
८. प्रमुख चुनौतीहरू.................................................................................................... ५
९. सुधारका लागि सुझावहरु.................................................................................................... ५
१०. निष्कर्ष ....................................................................................................६

**अर्धवार्षिक प्रगति प्रतिवेदन (साउन — पुष)**

## १. परिचय

वैतेश्वर गाउँपालिकाको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शाखा नागरिकहरूको दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्धित महत्वपूर्ण सेवा प्रवाह गर्ने शाखा हो। यस शाखाले व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाइँसराइ) तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन गर्ने कार्य गर्छ। नागरिकहरूको अधिकार सुनिश्चित गर्न तथा सरकारी सेवा प्रवाहलाई प्रभावकारी बनाउन यो शाखाको महत्वपूर्ण भूमिका रहेको छ।

व्यक्तिगत घटना दर्ता सरकारी अभिलेख प्रणालीको आधारभूत पाटो हो, जसले नागरिकहरूको पहिचान तथा कानुनी अधिकारहरू सुनिश्चित गर्न मद्दत गर्छ। दर्ता नभएका नागरिकहरू धेरै सरकारी सुविधाबाट वञ्चित हुन सक्छन्, जसले गर्दा उनीहरूको सामाजिक तथा आर्थिक अवसरमा बाधा आउन सक्छ। यस शाखाले प्रत्येक वडाका नागरिकलाई व्यक्तिगत घटना दर्तामा उत्प्रेरित गर्न विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

सामाजिक सुरक्षा भत्ता वृद्ध, एकल महिला, अशक्त, दलित, बालबालिका, तथा अन्य श्रेणीका नागरिकहरूको जीवनस्तर उकास्ने उद्देश्यले सरकारद्वारा प्रदान गरिने राहत हो। वैतेश्वर गाउँपालिकाले आफ्ना लाभग्राहीलाई नियमित रूपमा भत्ता वितरण गर्दै आएको छ। डिजिटल प्रविधिको प्रयोगमार्फत भुक्तानी प्रक्रियालाई व्यवस्थित गर्ने प्रयास गरिएको छ, जसले गर्दा भत्ता वितरणमा हुने ढिलाइ तथा अन्य समस्या न्यूनीकरण गर्न सकिन्छ।

हाल, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रक्रियामा प्रविधिगत अवरोध, जनचेतनाको कमी, तथा वडास्तरीय समन्वय अभावजस्ता चुनौतीहरू देखिएका छन्। यी चुनौतीहरू समाधान गर्न गाउँपालिकाले विभिन्न सुधार कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। अनलाइन प्रणाली सुधार, वडा तहमा जनचेतना अभिवृद्धि, र कर्मचारी तालिम जस्ता प्रयासहरूले सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शाखाले प्रत्येक महिनाको दर्ता विवरण, भत्ता वितरणको अभिलेख, तथा सेवाग्राहीहरूको गुनासो सम्बोधन गर्ने कार्यलाई प्राथमिकता दिएको छ। सेवा प्रवाहलाई अझ व्यवस्थित बनाउन आगामी दिनमा प्रविधिको अधिकतम उपयोग, कर्मचारी तालिम तथा जनचेतना कार्यक्रमहरूलाई निरन्तरता दिने योजनासमेत रहेको छ।

## २. व्यक्तिगत घटना दर्ता विवरण

(स्रोतः online.donidcr.gov.np)

**व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन**

**जिल्ला :** दोलखा **गा.पा/न.पा. :** वैतेश्वर **दर्ता मिति देखि :** २०८१-०४-०१ **दर्ता मिति सम्म :** २०८१-०९-२९

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | १२ | ६ | | १८ | ४ | | | ४ | १ | १३ | | | | | ३६ |
| २ | ८ | ६ | | १४ | ८ | २ | | १० | १ | ११ | १ | ३ | | | ३७ |
| ३ | ७ | ७ | | १४ | ४ | ३ | | ७ | | १० | | | ४ | १७ | ३५ |
| ४ | ७ | ८ | | १५ | ९ | २ | | ११ | ३ | १२ | १ | २ | १ | १ | ४३ |
| ५ | १२ | ७ | | १९ | ७ | २ | | ९ | | १५ | १ | ४ | | | ४४ |
| ६ | १४ | ४ | | १८ | ९ | ८ | | १७ | १ | १२ | | | १ | २ | ४९ |
| ७ | १४ | ४ | | १८ | ३ | ९ | | १२ | १ | ७ | | | १ | ५ | ३९ |
| ८ | ९ | ७ | | १६ | ५ | ४ | | ९ | १ | ११ | | | १ | ४ | ३८ |
| **जम्मा** | ८३ | ४९ | ० | १३२ | ४९ | ३० | ० | ७९ | ८ | ९१ | ३ | ९ | ८ | २९ | ३२१ |

## ३. सामाजिक सुरक्षा भत्ता संख्यात्मक विवरण

(स्रोतः ss.donidcr.gov.np)

अनुसूची-४
दफा ७ सँग सम्बन्धित

**संख्यात्मक विवरण**

**जिल्ला:** दोलखा **गा.पा/न.पा.:** वैतेश्वर **आर्थिक वर्ष:** २०८१/८२

| लक्षित समुह | गत आ.व. बाट नविकरण भएको संङ्ख्या (१) | पहिलो त्रैमासिक | | | दोस्रो त्रैमासिक | | | तिस्रो त्रैमासिक | | | चौथो त्रैमासिक | | | बार्षिक कायम संङ्ख्या | | | जम्मा संङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नयाँ थप संङ्ख्या (२) | लगत कट्टा (३) | जम्मा कायम संङ्ख्या (क=१+२-३) | नयाँ थप संङ्ख्या (४) | लगत कट्टा (५) | जम्मा कायम संङ्ख्या (ख=क+४-५) | नयाँ थप संङ्ख्या (६) | लगत कट्टा (७) | जम्मा कायम संङ्ख्या (ग=ख+६-७) | नयाँ थप संङ्ख्या (८) | लगत कट्टा (९) | जम्मा कायम संङ्ख्या (घ=ग+८-९) | पुरुष | महिला | अन्य | |
| अन्य जेष्ठ नागरिक भत्ता | २०२७ | ४३ | २६ | २०४४ | ४० | २६ | २०५८ | २४ | ४ | २०७८ | ० | ० | २०७८ | ८६७ | १२११ | ० | २०७८ |
| जेष्ठ नागरिक भत्ता (दलित) | १७८ | ८ | ० | १८६ | २ | १ | १८७ | ५ | ० | १९२ | ० | ० | १९२ | १०१ | ९१ | ० | १९२ |
| जेष्ठ नागरिक एकल महिला | १६४ | ४ | ० | १६८ | ४ | ० | १७२ | ० | ० | १७२ | ० | ० | १७२ | ० | १७२ | ० | १७२ |
| विधवा | ३२५ | ३ | ० | ३२८ | १४ | ० | ३४२ | ७ | ० | ३४९ | ० | ० | ३४९ | ० | ३४९ | ० | ३४९ |
| पूर्ण अपाङ्गता भत्ता | ३८ | १ | १ | ३८ | ० | ० | ३८ | १ | ० | ३९ | ० | ० | ३९ | १९ | २० | ० | ३९ |
| अति अशक्त अपाङ्गता भत्ता | ९९ | ६ | ० | १०५ | १ | १ | १०५ | ५ | ० | ११० | ० | ० | ११० | ६३ | ४७ | ० | ११० |
| दलित बालबालिका | १७७ | ८ | ८ | १७७ | ७ | १० | १७४ | १० | ८ | १७६ | ० | ६ | १७० | ८८ | ८२ | ० | १७० |
| जम्मा | ३००८ | ७३ | ३५ | ३०४६ | ६८ | ३८ | ३०७६ | ५२ | १२ | ३११६ | ० | ६ | ३११० | ११३८ | १९७२ | ० | ३११० |

## ४. सामाजिक सुरक्षा भत्ता पहिलो किस्ता अनुमानित बजेट प्रतिवेदन

(स्रोतः ss.donidcr.gov.np)

अनुसूची ४

दफा ७ सँग सम्बन्धित

**अनुमानित बजेट प्रतिवेदन**

**जिल्ला :** दोलखा **गा.पा/न.पा. :** वैतेश्वर **आर्थिक वर्ष :** २०८१/८२ **अबधिको किसिम :** त्रैमासिक **किस्ता :** प्रथम

| वडा नं. | अन्य जेष्ठ नागरिक भत्ता | | जेष्ठ नागरिक भत्ता (दलित) | | जेष्ठ नागरिक एकल महिला | | विधवा (आर्थिक सहायता) | | क बर्ग | | ख बर्ग (आर्थिक सहायता) | | दलित बालबालिका | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | २८४ | ३३६६२४७ | ११ | ८७७८० | २१ | १६७५८० | ३९ | ३०५९०० | ५ | ५९८५० | १० | ६३८४० | २३ | ३४३१४ | ३९३ | ४०८५५११ |
| २ | ३०२ | ३५८२०३५ | ९ | ७१८२० | २४ | १९१५२० | २६ | २०७४८० | ६ | ६७५६४ | २१ | १३१९३६ | ११ | १६७६७ | ३९९ | ४२६९१२२ |
| ३ | ३०७ | ३६६२६१० | १९ | १५१६२० | २४ | १८०८८० | ५५ | ४३८९०० | ७ | ८३७९० | १५ | ९३६३२ | २८ | ४३१४८ | ४५५ | ४६५४४५८० |
| ४ | २२६ | २६६८३२९ | २८ | २२३४४० | २५ | १९९५०० | ५० | ३९९००० | ७ | ८३७९० | १४ | ८९३७६ | २४ | ३८३०४ | ३७४ | ३७०१७३९ |
| ५ | १७४ | २०६५८६६ | ४३ | ३४३१४० | १३ | १०३७४० | ४७ | ३६९७४० | २ | २३९४० | ११ | ७०२२४ | ३२ | ४९९९१ | ३२२ | ३०२६६४१ |
| ६ | २९६ | ३५०९६८४ | ४८ | ३७७७२० | २६ | २०७४८० | ४६ | ३६७०८० | ३ | ३५९१० | १३ | ८२९९२ | ३२ | ४९९३९ | ४६४ | ४६३०८०५ |
| ७ | २३५ | २७८७७५५ | २१ | १६२२६० | १९ | १५१६२० | २५ | १९९५०० | ३ | ३५९१० | ९ | ५७४५६ | २३ | ३५७८१ | ३३५ | ३४३०२८२ |
| ८ | २३८ | २८०५२३२ | ११ | ८७७८० | २० | १५९६०० | ४० | ३१९२०० | ४ | ४७८८० | १४ | ८९३७६ | १२ | १९१५२ | ३३९ | ३५२८२२० |
| जम्मा | २०६२ | २४४४७७५८ | १९० | १५०५५६० | १७२ | १३६१९२० | ३२८ | २६०६८०० | ३७ | ४३८६३४ | १०७ | ६७८८३२ | १८५ | २८७३९६ | ३०८१ | ३१३२६९०० |

## ५. सामाजिक सुरक्षा भत्ता दोस्रो किस्ता अनुमानित बजेट प्रतिवेदन

(स्रोतः ss.donidcr.gov.np)

अनुसूची ४

दफा ७ सँग सम्बन्धित

**अनुमानित बजेट प्रतिवेदन**

**जिल्ला :** दोलखा **गा.पा/न.पा. :** वैतेश्वर **आर्थिक वर्ष :** २०८१/८२ **अबधिको किसिम :** त्रैमासिक **किस्ता :** द्वितीय

| वडा नं. | अन्य जेष्ठ नागरिक भत्ता | | जेष्ठ नागरिक भत्ता (दलित) | | जेष्ठ नागरिक एकल महिला | | विधवा (आर्थिक सहायता) | | क बर्ग | | ख बर्ग (आर्थिक सहायता) | | दलित बालबालिका | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | २८६ | ३३९८९३४ | ११ | ८७७८० | २१ | १६७५८० | ३९ | ३११२२० | ५ | ५९८५० | १० | ६३८४० | २२ | ३४३६७ | ३९४ | ४१२३५७१ |
| २ | ३१२ | ३६८०२६५ | ९ | ७१८२० | २५ | १९९५०० | २९ | २२६१०० | ५ | ५९८५० | २१ | १२७८२२ | ११ | १५००२ | ४१२ | ४३८०३५९ |
| ३ | ३११ | ३७०५४०२ | १९ | १५१६२० | २४ | १९१५२० | ५५ | ४३८९०० | ७ | ८३७९० | १५ | ९५७६० | २६ | ३९८४७ | ४५७ | ४७०६८३९ |
| ४ | २२७ | २६९९१९२ | २६ | १९९६७७ | २५ | १९९५०० | ५२ | ४०४३२० | ७ | ८३७९० | १४ | ८९३७६ | २५ | ३८०३८ | ३७६ | ३७१३८९३ |
| ५ | १७२ | २०४५८५८ | ४५ | ३५३७८० | १३ | १०३७४० | ४७ | ३७५०६० | २ | २३९४० | ११ | ७०२२४ | ३३ | ५१९८९ | ३२३ | ३०२४५९१ |
| ६ | २९५ | ३५१२५६१ | ४७ | ३७५०६० | २४ | १९१५२० | ४७ | ३६९७४० | ३ | ३५९१० | १३ | ८२९९२ | ३२ | ५१०७२ | ४६१ | ४६१८८५५ |
| ७ | २४२ | २८६२३१३ | २१ | १६७५८० | २१ | १५९६०० | ३२ | २३९४०० | ४ | ४४१५६ | ९ | ५३२०० | २३ | ३१९५५ | ३५२ | ३५५८२०४ |
| ८ | २३९ | २८४३६०१ | १० | ७९८०० | १९ | १५१६२० | ४१ | ३२४५२० | ४ | ४७८८० | १४ | ८९३७६ | १२ | १८२८३ | ३३९ | ३५५५०८० |
| जम्मा | २०८४ | २४७४८१२६ | १८८ | १४८७११७ | १७२ | १३६४५८० | ३४२ | २६८९२६० | ३७ | ४३९१६६ | १०७ | ६७२५९० | १८४ | २८०५५३ | ३११४ | ३१६८१३९२ |

## ६. सामाजिक सुरक्षा भत्ता वितरणको विवरण

(स्रोतः ss.donidcr.gov.np)

**अनुसूची-६**

**(नियम २३ को उपनियम(१) सँग सम्बन्धित)**

**सामाजिक सुरक्षा भत्ता वितरणको विवरण**

**जिल्ला:** दोलखा **गा.पा/न.पा.:** वैतेश्वर **आर्थिक वर्ष:** २०८१/८२

| | पहिलो त्रैमासिक | | | | दोस्रो त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | २०६२ | २४४७०९९० | २०६२ | २४४७०९९० | २०८३ | २४७६५२२५ | २०८३ | २४७६५२२५ |
| जेष्ठ नागरिक भत्ता (दलित) | १९० | १५०५५६० | १९० | १५०५५६० | १८८ | १४८७११७ | १८८ | १४८७११७ |
| जेष्ठ नागरिक एकल महिला | १७२ | १३६१९२० | १७२ | १३६१९२० | १७२ | १३६४५८० | १७२ | १३६४५८० |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विधवा | ३२८ | २६०६८०० | ३२८ | २६०६८०० | ३४२ | २६८९२६० | ३४२ | २६८९२६० |
| पूर्ण अपाङ्गता भत्ता | ३७ | ४४१०२८ | ३७ | ४४१०२८ | ३७ | ४३९१६६ | ३४ | ४०३२५६ |
| अति अशक्त अपाङ्गता भत्ता | १०७ | ६७८८३२ | १०७ | ६७८८३२ | १०७ | ६७२५९० | १०१ | ६३४२८६ |
| क्षेत्र तोकिएका बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लोपन्मूख बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| दलित बालबालिका | १८५ | २८७३९६ | १८५ | २८७३९६ | १८४ | २८०५५३ | १८४ | २८०५५३ |
| लोपन्मुख जाति | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **३०८१** | **३१३५२५२६** | **३०८१** | **३१३५२५२६** | **३११३** | **३१६९८४९१** | **३१०४** | **३१६२४२७७** |

## ७. शाखाका प्रमुख कार्यहरु

शाखाले निम्न कार्यहरूलाई प्राथमिकता दिएको छः

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाइँसराइ) को दर्ता संकलन, प्रमाणीकरण, तथा डिजिटल प्रविष्टि।
- सामाजिक सुरक्षा भत्ता वितरण, नयाँ लाभग्राही थप/हटाउने कार्य।
- वडा कार्यालयहरूसँग समन्वय गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने।
- नागरिकहरूलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा योजनाबारे सचेतना प्रदान गर्ने।
- अनलाइन प्रणालीको प्रयोगद्वारा सेवा प्रवाहलाई छरितो तथा पारदर्शी बनाउने।
- सेवा प्रवाहको अनुगमन तथा मूल्यांकन गरी आवश्यक सुधारका लागि रणनीति तयार गर्ने।

हाल, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रक्रियामा प्रविधिगत अवरोध, जनचेतनाको कमी, तथा वडास्तरीय समन्वय अभावजस्ता चुनौतीहरू देखिएका छन्। यी चुनौतीहरू समाधान गर्न गाउँपालिकाले विभिन्न सुधार कार्यक्रमहरू सञ्चालन गरिरहेको

छ। अनलाइन प्रणाली सुधार, वडा तहमा जनचेतना अभिवृद्धि, र कर्मचारी तालिम जस्ता प्रयासहरूले सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शाखाले प्रत्येक महिनाको दर्ता विवरण, भत्ता वितरणको अभिलेख, तथा सेवाग्राहीहरूको गुनासो सम्बोधन गर्ने कार्यलाई प्राथमिकता दिएको छ। सेवा प्रवाहलाई अझ व्यवस्थित बनाउन आगामी दिनमा प्रविधिको अधिकतम उपयोग, कर्मचारी तालिम तथा जनचेतना कार्यक्रमहरूलाई निरन्तरता दिने योजनासमेत रहेको छ

## ८. प्रमुख चुनौतीहरू

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शाखाले सेवा प्रवाहलाई प्रभावकारी बनाउन विभिन्न उपायहरू अपनाए तापनि, केही चुनौतीहरू विद्यमान रहेका छन्ः

- **जनचेतनाको अभावः** धेरै नागरिकहरूले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा योजनाबारे पूर्ण जानकारी नपाएको पाइन्छ, जसले गर्दा दर्ता प्रक्रियामा ढिलाइ हुने गर्छ।
- **प्रविधिगत समस्याः** डिजिटल प्रविष्टि प्रणाली तथा अनलाइन सेवा प्रवाहमा विभिन्न प्राविधिक समस्या आउने गरेका छन्, जसले गर्दा दर्ता तथा भुक्तानी प्रक्रियामा बाधा पुग्न सक्छ।
- **कागजी प्रक्रिया र ढिलाइः** कतिपय अवस्थामा आवश्यक कागजात तथा प्रमाणपत्र संकलन गर्न ढिलाइ हुने हुँदा दर्ता तथा भत्ता वितरणमा समस्या आउँछ।
- **समन्वय अभावः** वडा कार्यालय तथा अन्य सरोकारवालासँगको प्रभावकारी समन्वय नहुँदा सेवा प्रवाहमा कठिनाइ देखा पर्ने गर्छ।
- **गुणस्तरीय अभिलेखको अभावः** पुराना अभिलेख व्यवस्थित नभएका कारण नागरिक विवरण प्रमाणीकरणमा समस्या देखिन्छ।
- **जनशक्ति तथा स्रोतको सीमितताः** सीमित कर्मचारी तथा स्रोतसाधनका कारण सेवा प्रवाहलाई प्रभावकारी बनाउनु चुनौतीपूर्ण बनेको छ।
- **नक्कली दाबी तथा अनियमितताः** कतिपय व्यक्तिहरूले गलत विवरण पेश गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न खोज्ने गरेका छन्, जसले अनियमितताको जोखिम बढाएको छ।
- **भौगोलिक विकटताः** टाढाका वडाहरूमा सेवा पुऱ्याउन कठिनाइ हुने तथा सेवाग्राहीलाई कार्यालयसम्म आउन समस्या पर्ने गर्दछ।

## ९. सुधारका लागि सुझावहरु

यी चुनौतीहरू समाधान गर्न शाखाले निम्न सुधारात्मक उपायहरू अवलम्बन गर्ने योजना बनाएको छः

- नागरिकहरूलाई दर्ता तथा सामाजिक सुरक्षा योजनाबारे जानकारी दिने सचेतनामूलक कार्यक्रम सञ्चालन।
- अनलाइन प्रविधिको सुधार तथा डिजिटल प्रणालीलाई थप व्यवस्थित बनाउने।
- सेवा प्रवाहलाई छरितो बनाउन कर्मचारी तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन।
- वडा कार्यालयहरूसँग प्रभावकारी समन्वय गरी समस्या समाधानका लागि ठोस रणनीति अवलम्बन।
- अभिलेख व्यवस्थापन प्रणाली सुधार गर्दै पुराना अभिलेखलाई डिजिटल प्रविष्टिमा रुपान्तरण गर्ने।
- अनियमितता रोक्न प्रभावकारी अनुगमन तथा नियमन प्रणाली लागू गर्ने।
- विकट वडाहरूमा मोबाइल सेवा क्याम्प सञ्चालन गरी सेवा प्रवाहलाई सहज बनाउने।

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शाखाले प्रत्यके महिनाको दर्ता विवरण, भत्ता विवरणको अभिलेख, तथा स्वाग्राहीहरुको गुनासो सम्बोधन गर्ने कार्यलाई प्राथमिकता दिएको छ । सेवा प्रवाहलाई अझ व्यवस्थित बनाउन आगामी दिनमा प्रविधको अधिकतम उपयोग, कर्मचारी तालिम तथा जनचेतना कार्यक्रमहरुलाई निरन्तरता दिने योजनासमेत रहेको छ ।

## १०. निष्कर्ष

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शाखा नागरिकका आधारभूत सेवा आवश्यकतासँग प्रत्यक्ष जोडिएको अत्यन्त महत्वपूर्ण निकाय हो। सेवा प्रवाहलाई प्रभावकारी बनाउन विभिन्न सुधार कार्यक्रमहरू सञ्चालन गरिए पनि अझै केही चुनौतीहरू रहेका छन्। जनचेतना अभिवृद्धि, प्रविधिको अधिकतम उपयोग, कर्मचारी दक्षता वृद्धि, र समन्वय सुदृढीकरण जस्ता उपायहरू अवलम्बन गर्न सकेमा, सेवा प्रवाहलाई थप प्रभावकारी, छरितो, र पारदर्शी बनाउन सकिन्छ।

भविष्यमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सेवाको प्रभावकारिता बढाउन डिजिटल प्रणालीको पूर्ण सदुपयोग, अनुगमन तथा मूल्यांकन प्रणालीलाई अझ व्यवस्थित बनाउने, र नागरिक सहभागिता बढाउने लक्ष्य राखिएको छ। सेवा प्रवाहलाई सरल, छिटो, र नागरिकमैत्री बनाउन स्थानीय तह, सरकार, तथा नागरिक समाजबीचको सहकार्य आवश्यक छ। यस शाखाले आगामी दिनहरूमा प्रविधि-मैत्री सेवा, सुशासन, तथा दिगो सामाजिक सुरक्षाका लागि निरन्तर प्रयास गर्नेछ।

**दिल बहादुर श्रेष्ठ**
**सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शाखा प्रमुख**
**वैतेश्वर गाउँपालिका**